का.जि.प्र.का.द.नं. १००/०५९/६०

वर्ष १८, अंक १२४
१३ असार २०७७, शनिबार
27 June 2020, Saturday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

मध्याह्न
Madhyanha National Daily
राष्ट्रिय दैनिक

| अपडेट: शनिबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | ११७५५ जना | २६९८ जना | २०६२७१ | ९०३० | २७ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ९७ लाख ५५ हजार | ५२ लाख ८० हजार | ४ लाख ९२ हजार | ३९ लाख ८१ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# अध्यक्षबाटै ढाँटिए नेताहरू

■सीमा समस्या वार्ताबाटै हल गर्नुपर्नेमा नेताहरुको जोड ■अन्तर्राष्ट्रिय अदालतमा जानु हतारो ■१८ नेताहरुको धारणा राखे, अर्को बैठक आज ११ बजे

**बालुवाटारमै बसेको स्थायी कमिटी बैठकमा अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीबाट नेताहरू नै ढाटिएका छन् । केहीबेरमा आउने भन्दै खबर पठाएर बैठकभर प्रधानमन्त्री ओली अनुपस्थित रहे ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असार ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी बैठकमा शुक्रबार अजेण्डागत छलफलको कार्यसूची राखिएको थियो । बुधबार अध्यक्ष द्वय ओली र पुष्पकमल दाहालले उद्घाटन मन्तव्य राखेर स्थगित भएको बैठकमा शुक्रबारबाट अजेण्डागत रुपमा स्थायी कमिटीका नेताहरुले बोल्ने कार्यसूची थियो ।

त्यसैअनुसार, शुक्रबार बिहान ११:२० बजे बैठक शुरु भयो । शुरुमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्री बैठकमा आउने जानकारी दिए । प्रचण्डले महासचिव मार्फत् प्राप्त सूचना भन्दै बैठक शुरु गरे । बैठक शुरु गर्दैगरौं प्रधानमन्त्री केहीबेरमा आउनुहुन्छ भनेर प्रचण्डले प्रस्ताव राखेपछि बैठक शुरु भयो ।

तर, खाजाको समय भइसक्दा समेत प्रधानमन्त्री ओली आएनन् । यसपछि बैठकभर अनुपस्थित हुने सूचना परोक्ष रुपमा नेताहरुले पाए । प्रधानमन्त्री स्थायी कमिटी बैठकमै नआउने भएपछि नेताहरु अष्टलक्ष्मी शाक्य र भीम रावलले कडा आपत्ति जनाएका थिए । रावल र शाक्यले स्थायी कमिटी सदस्यहरुको कुरा नसुन्न प्रधानमन्त्रीको बदमासी भएको आरोप लगाए । एक स्थायी कमिटी सदस्यका अनुसार, नेता रावलले प्रधानमन्त्रीले आफूहरुलाई ढाटेको र यस्तो प्रवृत्ति ठीक नभएको बताए ।

गएको पुसमा बसेको स्थायी कमिटी बैठकमा पनि ओली अनुपस्थित थिए । तर, त्यसबेला बैठक बालुवाटार नभएर धुम्बाराहीमा बसेको थियो । प्रधानमन्त्री ओलीले स्वास्थ्य समस्या देखाएर बैठकमा बसेका थिएनन् । प्रचण्डले पूरै बैठक चलाएका थिए । उक्त बैठकले केन्द्रीय कमिटी बैठक बोलाउने निर्णय नै गरेपछि बैठक बसेको थियो ।





*बालुवाटारमै बसेको स्थायी कमिटी बैठकमा अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीबाट नेताहरु नै ढाटिएका छन् । केहीबेरमा आउने भन्दै खबर पठाएर बैठकभर प्रधानमन्त्री ओली अनुपस्थित रहे ।*

यसपटक भने बालुवाटारमै बैठक राख्दा समेत प्रधानमन्त्री ओली अनुपस्थित भएपछि अन्य नेताहरुले पनि झुक्याउने र ढाट्ने शैली ठीक नभएको आरोप लगाएका थिए । बैठकमा समस्या समस्या र समाधानबारे छलफल भएको थियो । गएको पुसमा सकिएको स्थायी कमिटीको प्रस्ताव र केन्द्रीय कमिटीको निर्णय अनुसार नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा जारी भएकोमा नेताहरुले सरकारको राम्रो भएको भएको टिप्पणी गरेका छन् ।

बैठकमा बोल्दै बेदूराम भुसालले सीमा समस्या बारे दुई वटा विषय महत्वपूर्ण भएको बताए । उनले पहिलो अतिक्रमित भूमि फिर्ता ल्याउने र थप अतिक्रमण हुन नदिनेबारे ध्यान दिनुपर्ने बताएका थिए । तर, सीमा समस्या कुटनैतिक माध्यमबाट बार्ता हल गरिनुपर्ने र अन्तर्राष्ट्रिय अदालतमा जाने कुरा हतारो हुने बताएका थिए । शुक्रबार १८ नेताले धारणा राखेका छन् । अर्को बैठक शनिबार बिहान ११ बजे बोलाइएको छ ।

# बढी प्रभावित हुने नेपाल ६४औं मुलुक

**शुक्रबार एकै दिन ५९३ जनामा संक्रमित पुष्टि भएसँगै नेपालमा संक्रमति संख्या एघार हजार ७५५ पुगेको छ भने २१५ मध्ये बढी प्रभावित हुने मलुकमा नेपाल ६४औं स्थानमा उक्लिएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असार ।

गएको २४ घण्टामा विभिन्न जिल्लामा गरी ५९३ व्यक्तिमा कोरोनाभाइरस संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले पछिल्लो २४ घण्टामा देशभरिका विभिन्न प्रयोगशालामा गरिएको परीक्षणका क्रममा ४८६ पुरुष र १०७ महिला गरी कूल ५९३ मा कोरोना संक्रमण पुष्टि भएको जानकारी दिए ।

काठमाडौंमा थप तीन जना पुरुषमा सङ्क्रमण पुष्टी भएको छ । योसँगै संक्रमितको संख्या ११ हजार ७५५ पुगेको छ । तीमध्ये एक हजार २४९ महिला र १० हजार ५०४ पुरुष रहेका छन् । मोरङ, झापा, सुनसरी, धनुषा, महोत्तरी, सिरहा, अछाम, बैतडी, बझाङ, बाजुरा, बारा, दार्चुला, गोरखा, कैलाली, कञ्चनपुर, कपिलवस्तु, रौतहट, सल्यान, नवलपरासीपूर्व, काठमाडौं, सिन्धुली, कास्की, लमजुङ, बागलुङ, तनहुँ, स्याङ्जा, अर्घाखाँची, गुल्मी, पाल्पा, रुपन्देही, दाङ, प्युठानलगायत जिल्लामा गरी ५९३ जनामा सङ्क्रमण पुष्टि भएको प्रवक्ता डा गौतमले जानकारी दिए । अहिलेसम्म रसुवा बाहेक सबै जिल्लामा यो भाइरस फैलिसकेको छ ।



*भारतबाट कैलालीको त्रिनगर भन्सार नाका हुँदै भित्रिएका नेपालीलाई सिमानाकामा निःशुल्क खाना तथा पानी वितरण कार्यमा खटिएका स्वयंसेवक युवकको शुक्रबार सेती प्रादेशिक अस्पतालमा पिसिआर परीक्षणका लागि स्वाब लिँदै स्वास्थ्यकर्मी । तस्वीर : तिलकराज ओझा*

बितेका २४ घण्टामा आठ महिला र ४० पुरुष गरी ४८ जना डिस्चार्ज भएका उहाँले बताए । योसँगै कोरोना निको हुनेको संख्या दुई हजार ६९८ रहेको मन्त्रालयले जनाएको छ । नेपालमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको संख्या २७ पुगेको छ ।

**आयोगका आग्रह**

राष्ट्रिय मानव अधिकार आयोगले कोभिड-१९ बाट मृत्यु भएका व्यक्तिको सम्मानजनक रुपमा स्थानीय तहसँग समन्वय गरी शव व्यवस्थापन गर्ने वातावरणको सिर्जना गर्न सरकारसँग आग्रह गरेको छ ।

आयोगका सचिव वेदप्रसाद भट्टराइले आज जारी गरेको प्रेस विज्ञप्तिमा वर्तमान बाँकी पृष्ठ २ मा

# तीन करोड नाघ्यो जनसंख्या

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असार ।

नेपालको जनसंख्या शुक्रबार देखि औपचारिक रुपमा तीन करोड नाघेको छ । केन्द्रीय तथ्याङ्क विभागका अनुसार, देशको जनसङ्ख्या शुक्रबार तीन करोड ६३४ पुगेको छ ।

विभागले राष्ट्रिय जनगणना, २०६८ को जन्म, मृत्यु र बसाइँसराइ दरको तथ्याङ्कमा आधारित भएर मुलुकको जनसङ्ख्या तीन करोड ६३४ पुगेको जनाएको हो । राष्ट्रिय जनगणना, २०६८ को नतिजाअनुसार नेपालको जनसङ्ख्या दुई करोड ६४ लाख ९४ हजार ५०४ थियो । आगामी वर्ष १२ औं राष्ट्रिय जनगणना प्रारम्भ हुँदैछ । विभागले त्यससम्बन्धी कार्यतालिका स्वीकृत गरिसकेको छ ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा पुष्पराज कँडेलको अध्यक्षतामा गत साता सम्पन्न राष्ट्रिय जनगणना निर्देशक समितिको बैठकले उक्त कार्यतालिका स्वीकृत गरेको हो ।

कार्यतालिकाअनुसार यही असार १५ गतेदेखि जनगणनाको प्रश्नावली तयारी थालेर स्थानीय तहअनुसार जनगणनाको तालीम, तथ्याङ्क प्रशोधन केन्द्रको तयारी, ‘अनलाइन’ मार्फत गणक तथा सुपरीवेक्षकको आवेदन, उनीहरूलाई तालीम, जनगणनाको सामग्री जिल्ला-जिल्ला पठाउने, प्रदेश तथा जिल्ला जनगणना कार्यालय स्थापना, प्रारम्भिक तथा अन्तिम नतिजा र २०८० वैशाखभित्र विषयगत प्रतिवेदन सार्वजनिक गर्ने लक्ष्य निर्धारण गरिएको छ । वभागले हरेक १० वर्षमा राष्ट्रिय जनगणना गर्दै आएको छ ।

# संयमित बन्दै विदेशमा रहेका नेपाली

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असार

कोरोना भाइरस (कोभिड-१९)को महामारी फैलिएपछि ठूलो तनावमा रहेका नेपाली कामदारहरु समय बित्दै जाँदा संयमित देखिन थालेका छन् । गैरआवासीय नेपाली संघको स्वास्थ्य समितिका संयोजक डा सन्दीप सापकोटाले जुन महिनाको अन्तिम समयसम्म आइपुग्दा विश्वभर रहेका नेपालीहरु संक्रमणको त्रास जारी नै रहेपनि संयमित देखिन थालेको बताएका छन् ।

विश्वका करिब एक सयभन्दा बढी देशहरुमा ८० लाखभन्दा बढी नेपाली रहेका छन् । त्यसको दुई तिहाई हिस्सा वैदेशिक रोजगारीका लागि गएका नेपालीहरु रहेको विश्लेषण रहेको छ । हालसम्म १८ हजार हाराहारीमा नेपाली संक्रमित भएका छन् भने त्यसमध्ये दश हजारभन्दा बढी निको भई घर फर्किसकेका छन् । हालसम्म कोरोनाबाट १ सय ३० जना नेपालीहरुको मृत्यु भएको छ ।



**वैदेशिक रोजगार विशेष**

एनआरएनएका अनुसार शुरुमा संक्रमण देखिएका १७ वटा देशहरु अहिले हाल सक्रमणमुक्त भइसेका छन् । हालसम्म मलेसिया, जापान र अष्ट्रेलियामा संक्रमित नेपालीहरु निको भइसकेको बताइएको छ । ठूलो संख्यामा नेपाली कामदार रहेका कतार, साउदी, कुवेतमा भने कोरोना संक्रमितहरु बढेका छन् । पहिलेदेखि नै दीर्घ रोगी रहेका र नियमित औषधि खाइरहेकाहरु भने समस्यामा रहेको डा. सापकोटाले बताएका छन् । कोरोना भाइरसको बढ्दो संक्रमणका कारण गैर कोभिड बिरामीहरुले औषधि नपाउँदा उनीहरुमा हृदयघात, मधुमेह, थाईराईडको समस्या बढेको छ । नेपाली कामदार ठूलो संख्यामा रहेका खाडीका देशहरुमा संक्रमणको दर अझैपनि बढ्दो अवस्थामा रहेका कारण दीर्घ रोगीहरुलाई समस्या रहेको बताइएको छ ।

विदेशमा संक्रमित कामदार हरुलाई सम्बन्धित मुलुकहरुले आफ्ना नागरिक सरह उपचार गरेका कारण स्वास्थ्य उपचारमा समस्या नरहेको बताइएको छ । जनस्वास्थ्यका दृष्टिले महत्वपूर्ण मानिने मानसिक स्थिति भने बिग्रेको देखिएको डा. सापकोटाले बताएका छन् । यस अवधिमा तनावलाई व्यवस्थापन गर्न नसेकेका ४ जनाले आत्महत्या समेत गरेका छन् । संघका विभिन्न देशमा रहेका राष्ट्रिय समन्वय समितिहरुले मानसिक तनावकाबारेमा अध्ययन गर्न नेपाली दूतावासहरुलाई आग्रह गरिरहेका छन् ।

विज्ञापन रकम भुक्तानीबारे
अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका **विज्ञापन एजेन्सी** तथा अन्य **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार २५ गते** भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं, फोन नं. : ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com, madhyanhadaily59@yahoo.com

## सरकारलाई समितिको निर्देशन

# ‘क्वारेन्टिनलाई महिलामैत्री बनाऊ’

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असार




संसदीय समितिले क्वारेन्टिनहरुलाई सुरक्षित र व्यवस्थित तथा महिलामैत्री बनाउन महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई निर्देशन दिएको छ । शुक्रबार महिला तथा सामाजिक समिति बैठकले क्वारेन्टिनहरुमा महिला हिंसाका घटनाहरु बढिरहेकोले व्यवस्थित र मर्यादित बसाईको व्यवस्था गर्न मन्त्रालयलाई निर्देशन दिएको हो । कोरोना रोकथाम तथा नियन्त्रणका लागि निर्माण भएका क्वारेन्टिनहरु पूर्णरुपमा महिला मैत्रि नभएकाले यौन हिंसाका घटनाहरु बढेका कारण मर्यादित र सुरक्षित क्वारेन्टिनको व्यवस्थापन गर्न मन्त्रालयलाई निर्देशन दिइएको समिति सभापति निरुदेवी पालले बताइन् ।

सांसदहरुले क्वारेन्टिनहरु व्यवस्थित नभएको र गर्भवती महिलाहरुको पीसीआर परीक्षण समयमै नहुँदा समस्या भएको बताएका छन् । सांसद अमृता थापाले सुत्केरी महिलाहरुको पीसीआर रिपोर्ट ढिला आउँदा अप्रेसनमा समस्या हुने गरेको बताइन् । उनले पीसीआर परीक्षणलाई प्राथमिकता दिनुपर्ने बताइन् । महिलाहरु रहेको क्वारेन्टिनको सुरक्षाका लागि महिला प्रहरीको आवश्यकता रहेको उनले बताइन् । उनले महिला प्रहरीको अभाव देखिए म्यादी महिला प्रहरी भर्नाको व्यवस्था मिलाउनुपर्ने बताइन् ।

सांसद हिरा गुरुङले क्वारेन्टिनहरुमा महिलामाथि हिंसाका घटना बढिरहेको अवस्थामा मन्त्रालयले के गरिरहेको छ भन्दै प्रश्न गरिन् । क्वारेन्टिनमा सुत्केरी महिलाहरुले दुःख पाइरहेको उल्लेख गर्दै उनले मन्त्रालयको तर्फबाट के कस्तो सहयोग भइरहेको छ भनिन् ।

सांसद महेन्द्र कुमारी लिम्बुले महिलामाथि हुने हिंसाका घटनाहरुमा बोल्न नसक्ने मन्त्री र समिति सभापतिले राजीनामा दिनुपर्ने बताइन् ।

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रीसमेत सहभागी कार्यक्रममा अर्का सांसद गंगा चौधरीले क्वारेन्टिनमै महिलामाथि हिंसाका घटनाहरु बढिरहेको भएपनि मन्त्रालय र समितिले तदारुकता नदेखाएको बताइन् । लकडाउनको समयमा सांसदहरुलाई आफ्नो गाउँ जान कुनै समस्या नभएपनि महिला हिंसा बढिरहेको क्षेत्रमा गएर अध्ययन गर्न के ले रोक्यो भन्दै उनले प्रश्न गरिन् । उनले महंगा कार्पेट किन्नुभन्दा सीप भएका महिलाहरुलाई प्रोत्साहन गरी स्थानीय स्तरमा उत्पादन हुने गुन्द्री प्रयोग गर्न आग्रह गरिन् ।

बैठकमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री पार्वत गुरुङ बिभिन्न ऐनहरुले गर्दा सुधारका काम गर्न कठिनाइ भएको गुनासो गरे । राष्ट्रिय निर्देशक ऐन, राष्ट्रिय संघसंस्था दर्ता ऐन २०१८, समाजकल्याण ऐन लगाएतले बनाएका निर्देशिका र मन्त्रीपरिषद्को पटक पटकको निर्णयले संघसंस्थाहरुको जग्गा दुरुपयोग भएको उनले बताए । बालसंगठनको अधिकार बोकेको राष्ट्रिय निर्देशक समिति समेत राज्यप्रति जिम्मेवार नभएको उनको आरोप छ । उनले मन्त्रालयले मन्त्रिपरिषद्मा पठाएका फाइलहरु समेत मुख्य सचिव र सचिवले फर्काइदिने गरेको बताए ।

## सञ्चार मन्त्रालयलाई समितिको निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असार



सबै स्थानीय तह, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरुमा इन्टरनेट सुविधा छिटो उपलब्ध गराउन संसदीय समितिले सरकारलाई निर्देशन दिएको छ । संघीय संसद प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिको शुक्रबारको बैठकले सबै स्थानीय तह, वडा कार्यालय र सरकारी स्वास्थ्य तथा शिक्षण सँस्थाहरुमा द्रुत गतिको इन्टरनेट पुऱ्याउन नेपाल सरकार सञ्चार ता सूचना प्रविधि मन्त्रालयलाई निर्देशन दिएको हो ।

साइबर अपराध र सुरक्षाको सम्बन्धमा मन्त्रालय, दुरसञ्चार प्राधिकरण, सूचना प्रविधि विभाग, राष्ट्रिय सूचना प्रविधि केन्द्र, नेपाल प्रहरी लगायतसँगको छलफलपछि समितिले सबै स्थानीय तह, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध गराउन निर्देशन दिएको हो । समितिका सभापति कल्याणी कुमारी खडकाले समितिका निर्णयहरु सुनाउँदै भनिन्, ‘स्थानीय तह, वडा कार्यालय, स्वास्थ्य र शिक्षा क्षेत्र (सामुदायिक विद्यालयहरु)मा द्रुत गतिको इन्टरनेट सेवा उपलब्ध गराउने कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देशन गर्दछ ।’

समितिले नेपालभित्र प्रयोग हुने एप्स तथा समाजिक सञ्जालको प्रयोग नियमनकर्ता निकायले पुष्टि गरेपछि मात्रै डाउनलोड तथा प्रयोग गर्न दिने व्यवस्था मिलाउन समेत निर्देशन दिएको छ । सभापति खड्काले भनिन्, ‘नेपालभित्र प्रयोग गरिने एप्स तथा सामाजिक सञ्जालहरु सुरक्षा गोपनियता र उपयोगिताको हिसाबले उपयुक्त रहेको नियमनकर्ता निकायले पुष्टि गरेपछि मात्रै डाउनलोड वा प्रयोग गर्न पाइने व्यवस्था गर्न समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देशन गर्दछ ।’

समितिले सरकारी कागजपत्र र सूचनाहरुको चुहावट तथा दुरुपयोग हुने गरेको भन्दै आधिकारीक माध्यमबाट मात्रै सूचना प्रवाह गर्ने व्यवस्था मिलाउन समेत निर्देशन दिएको छ । निर्देशनमा भनिएको छ ‘सरकारी कागजपत्र सूचना एवं जानकारीको प्रविधिक रुपमा दुरुपयोग हुने गरेको अवस्थामा त्यस्ता विषयहरु सरकारी आधिकारीक माध्यम वेवसाइटहरुबाट मात्र सूचना प्रवाह हुनेगरी आवश्यक व्यवस्था मिलाउन समिति नेपाल सरकार सूचना तथा सञ्चार प्रविधि मन्त्रालयलाई निर्देशन गर्दछ ।’

नेपाल सरकारका सबै निकायका जिम्मेवार पदाधिकारीहरुलाई सूचना प्रविधि सम्बन्धी विद्युतीय सञ्चारका साधनहरुको प्रयोग र यसबारेमा सचेतनाका लागि आवश्यक कानूनको तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउन समेत समितिले मन्त्रालयलाई निर्देशन दिएको छ । यस्तै सरकारी वेबसाइट अनिवार्य अडिट गर्न र सरकारी डोमेन नेम निजी क्षेत्रबाट नभई सरकारी निकायबाटै लिने व्यवस्था मिलाउन मन्त्रालयलाई निर्देशन दिएको छ ।

बैठकमा सांसदहरुले सरकारको नीति तथा कार्यक्रममा सबै सामुदायिक विद्यालयहरुमा उच्च गतिको इन्टरनेटको सुविधा पुऱ्याउने भनिएको तर अत्यन्त सुस्त गतिमा काम अगाडि बढेकोले छिटो पुऱ्याउने गरी अगाडि बढाउन निर्देशन दिनुपर्ने बताएका थिए । नेपालमा सञ्चार सम्बन्धमा कुनै पनि प्रविधिको विकास नभएको र बाहिरबाट आयात गरिएको प्रविधिको प्रयोगमा निर्भर हुँदा साइबर अपराध बढेको सांसदहरुले बताए । यस्तै सरकारका डोमेनहरु पनि निजी क्षेत्रबाट लिनुपर्ने अवस्थाले सरकारी सूचनाहरुको चुहावट हुने गरेको भन्दै सरकारी निकायबाटै डोमेन जारी हुने व्यवस्था मिलाउन समेत सांसदहरुले मन्त्रालयलाई सुझाव दिएका छन् ।

## लागुऔषध दुरुपयोग रोक्न समुदायको सहकार्य आवश्यक : गृहमन्त्री



**काठमाडौं/मस-** गृहमन्त्री रामबहादुर थापाले लागुऔषध दुरूपयोग तथा अवैध ओसारपसार रोक्न आमसमुदायको सहकार्य आवश्यक भएको बताएका छन् । प्रत्येक वर्ष जुन २६ तारिकमा मनाइने लागुऔषध दुरुपयोग तथा अवैध ओसारपसारविरूद्धको अन्तर ाष्ट्रिय दिवसको अवसरमा शुक्रबार एक शुभकामना सन्देश जारी गर्दै गृहमन्त्री थापाले लागुऔषध दुरुपयोग रोक्न आफ्ना सन्तान र प्रियजनको शीघ्र शुद्धीकरण र सुमधुर पारिवारिक पुनःस्थापनामा जोड दिएका छन् ।

कोभिड-१९ सङ्क्रमण रोकथाम, नियन्त्रण र उपचार सँगसँगै लागुऔषध दुरुपयोग रोकथाम तथा नियन्त्रणको कार्यमा आआफ्नो क्षेत्रबाट गरिएका प्रयासको उनले प्रशंसा गर्दै धन्यवाद दिएका छन् । ‘लागुऔषध दुरूपयोग तथा अवैध ओसारपसारविरुद्ध सबै निकाय एवं आमसमुदायको साथ र सहयोगका लागि अपिलसमेत गर्दछु’, मन्त्री थापाले सन्देशमा भनेका छन् ।

लागुऔषध दुरुपयोगको विश्वव्यापी रुपमा बढ्दो चुनौती सामना गर्न संयुक्त राष्ट्रसङ्घ महासभाबाट घोषणा भई विगत तीन दशकदेखि यो दिवस मनाउन थालिएको हो । आज सारा विश्व र मानव समुदाय नै कोभिड-१९ सङ्क्रमणको महामारीसँग जुधिरहेको छ । संयुक्त राष्ट्रसङ्घीय लागुऔषध तथा अपराध नियन्त्रण कार्यालयले तथ्य र साझा दायित्वमा आधारित समाधान खोज्नुपर्नेमा जोड दिएको छ ।

नेपालमा पनि वर्षेनि विविध कार्यक्रमको आयोजना गरी देशव्यापीरुपमा यो दिवस मनाउने गरिएकोमा कोभिड-१९ सङ्क्रमणबाट उत्पन्न जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्नुपर्ने सन्दर्भमा यो वर्ष दिवसका औपचारिक कार्यक्रम गर्न नसकिएको गृहमन्त्रालयले जनाएको छ । यद्यपि कोभिड-१९ को सङ्क्रमणबाट लागुऔषध रोकथाम तथा नियन्त्रणको क्षेत्रमा संलग्नमा समेत ठूलो प्रभाव परेका कारण महामारीबाट सुरक्षित रहँदै लागुऔषध दुरुपयोग र यसको कारोवार नियन्त्रणका कार्य भइरहेको मन्त्री थापाले बताएका छन् । मन्त्रालयबाट उपचार तथा पुनःस्थापना केन्द्र तथा अन्य सेवा केन्द्रबाट सेवा प्राप्त गरिरहेका व्यक्तिको दैनिक जीवनयापनमा कोभिडले पारेको प्रभाव न्यूनीकरणमा निरन्तर सहजीकरण भइरहेको सन्देशमा उल्लेख छ ।

मन्त्री थापाले सन्देशमा मन्त्रालयले प्रतिकूल अवस्थामा लागुऔषध कारोवारमा संलग्नले नयाँ मार्ग र विधिको प्रयोग गरी तस्करीका गतिविधि बढाउन सक्ने सम्भावनालाई मध्यनजर गर्दै त्यसको प्रभावकारी नियन्त्रणका लागि आवश्यक रणनीति अवलम्बन गरिरहेको उल्लेख गरेका छन् । यसको अझ प्रभावकारी रोकथाम, नियन्त्रण र उपचार सेवाका लागि सबैको सामूहिक प्रयास भने अपरिहार्य छ ।

नेपालमा लागुऔषध दुरुपयोग रोकथाम र नियन्त्रण कार्यलाई प्रमाणमा आधारित एवं सूचित नीति र कार्यक्रममार्फत सम्बोधन गर्नुपर्ने कुरालाई मध्यनजर गरी नेपाल सरकारले यसै वर्ष नेपाल लागुऔषध प्रयोगकर्ताको सर्वेक्षण गरिसकेको छ । दिवसको अवसरमा लागुऔषध दुरुपयोग तथा ओसार पसार नियन्त्रणको कार्यमा मन्त्रालय प्रतिबद्ध रहेको जनाउँदै यसको नियन्त्रणमा साझा जिम्मेवारी रहेकोसमेत उल्लेख गरिएको छ ।

## बागलुङमा गाँजासहित वडाअध्यक्ष पक्राउ

**बागलुङ/मस-** बागलुङका वडाध्यक्ष गाँजासहित पक्राउ परेका छन् । बाग्लुङ जिल्लाको निसिखोला गाउँपालिका वडा नम्बर छ का वडाध्यक्ष सूर्यबहादुर घर्तीलाई उनको घरबाट ८६ केजी ५०० ग्राम गाँजासहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बागलुङकाका एसपी सारदाप्रसाद चौधरीले जानकारी दिए ।

गोप्य सुचनाका आधारमा इलाका प्रहरी कार्यालय बुर्तिबाङले शुक्रबार बिहान पक्राउ गरेको हो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ । घर्ती नेपाली कांग्रेस पार्टी निकट वडा अध्यक्ष रहेको बताइएको छ ।

## शव व्यवस्थापनमा अवरोध नगर्न आग्रह




**काठमाडौं/मस-** राष्ट्रिय मानव अधिकार आयोगले कोभिड-१९ बाट मृत्यु भएका व्यक्तिको सम्मानजनक रुपमा स्थानीय तहसँग समन्वय गरी शव व्यवस्थापन गर्ने वातावरणको सिर्जना गर्न सरकारसँग आग्रह गरेको छ ।

आयोगका सचिव वेदप्रसाद भट्टराइले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा वर्तमान विशेष परिस्थितिमा सरकारले लागू गरेको कार्यविधिको प्रभावकारी पालनामा सहयोग र साथ दिन स्थानीय सबै सरोकारवालालाई आग्रह गरिएको छ ।

कास्कीको पोखरा महानगरपालिका-३२ मा कोभिड-१९ बाट मृत्यु भएका व्यक्तिको शव व्यवस्थापनका क्रममा सुरक्षाकर्मी, स्थानीय जनप्रतिनिधि तथा स्थानीय बासिन्दाबीच भएको झडपको घटनाप्रति ध्यानाकर्षण जनाउँदै आयोगले सो आग्रह गरेको हो ।

कोभिड-१९ बाट मृत्यु भएका व्यक्तिको शव स्थानीय बासिन्दासँग समन्वय नै नगरी बस्तीको नजिक व्यवस्थापन गर्न लागेको भन्दै स्थानीयले अवरोध गरेको र स्थानीयको अवरोधका बीच पनि सुरक्षाकर्मीबाट बल प्रयोग गरी शवको व्यवस्थापन गर्ने क्रममा स्थिति तनावपूर्ण भएको आयोगको अनुगमनबाट देखिएको छ ।

कुनै पनि व्यक्तिको मृत्युपश्चात् आफ्नो धर्म, संस्कृति तथा परम्पराअनुसार शवको अन्त्येष्टि गरिनुपर्ने अधिकारको राष्ट्रिय कानूनका साथै नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानूनले समेत प्रत्याभूति गरेको छ । सरकारले कोभिड-१९ बाट मृत्यु भएका व्यक्तिको सम्मानजनक रुपमा शव व्यवस्थापनका लागि कार्यविधिसमेत निर्माण गरी कार्यान्वयनमा ल्याइसकेको छ ।

## प्रदेश ५ मा कोरोना संक्रमितको संख्या ३२ सय ५० नाघ्यो

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, १२ असार

कोभिड १९ पोजिटिभको मिति २०७७ असार १२ गते बेलुकी ४: ०० बजेसम्मको अध्यावधिक प्रदेश नं. ५


| क्र.स | जिल्लाको नाम | हिजोसम्म |  |  | आज थप |  |  | जम्मा |  |  |
|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | कपिलबस्तु | 62 | 646 | 708 | 0 | 0 | 0 | 62 | 646 | 708 |
| २ | पाल्पा | 34 | 359 | 393 | 1 | 48 | 49 | 35 | 407 | 442 |
| ३ | दाङ | 50 | 332 | 382 | 11 | 61 | 72 | 61 | 393 | 454 |
| ४ | बाँके | 24 | 330 | 354 | 0 | 0 | 0 | 24 | 330 | 354 |
| ५ | रुपन्देही | 24 | 251 | 275 | 4 | 0 | 4 | 28 | 251 | 279 |
| ६ | गुल्मी | 40 | 219 | 259 | 0 | 1 | 1 | 40 | 220 | 260 |
| ७ | अर्घाखाची | 32 | 222 | 254 | 0 | 0 | 0 | 32 | 222 | 254 |
| ८ | प्युठान | 12 | 179 | 191 | 0 | 20 | 20 | 12 | 199 | 211 |
| ९ | बर्दिया | 16 | 145 | 161 | 0 | 0 | 0 | 16 | 145 | 161 |
| १० | नवलपरासी | 8 | 76 | 84 | 0 | 0 | 0 | 8 | 76 | 84 |
| ११ | रोल्पा | 4 | 41 | 45 | 0 | 0 | 0 | 4 | 41 | 45 |
| १२ | रुकुम पूर्व | 1 | 3 | 4 | 0 | 0 | 0 | 1 | 3 | 4 |
|  | जम्मा | 307 | 2803 | 3110 | 16 | 130 | 146 | 323 | 2933 | 3256 |

प्रदेश नम्बर ५ मा कोरोना संक्रमितको सङख्या ३२ सय ५६ पुगेको छ । शुक्रबार अपरान्ह ४ बजे सामाजिक विकास मन्त्रालयको आधिकारिक फेसबुकमा प्रदेशको अपडेटमा यहि रिर्पोट राखिएको थियो । मन्त्रालयका अनुसार कपिलवस्तु जिल्लामा सबैभन्दा बढी संक्रमित देखिएका छन् भने सबैभन्दा कम रुकुम पूर्वमा देखिएका छन् ।

यस्तै कपिलवस्तु जिल्लामा ७ सय ८ जना, पाल्पा जिल्लामा ४ सय ४२ जना, दाङ जिल्लामा ४ सय ५४ जना, बाँके जिल्लामा ३ सय ५४ जना, रुपन्देहीमा २ सय ७९ जना, गुल्मी जिल्लामा २ सय ६० जना, अर्घाखाँची जिल्लामा २ सय ५४ जना, प्युठान जिल्लामा २ सय ११ जना, बर्दिया जिल्लामा १ सय ६१जना, नवलपरासी जिल्लामा ८४ जना, रोल्पा जिल्लामा ४५ जना र रुकुम पूर्वमा ४ जनामा गरी प्रदेश नम्बर ५ मा संक्रमितको संख्या ३ हजार २ सय ५६ पुगेको हो ।

## यातायात कार्यालयमा सेवाग्राहीको बढ्दो भीड

# छैन सुरक्षा सतर्कता




**काठमाडौं/रासस-** सरकारले कोभिड-१९ सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि भीडभाडमा रोक लगाएको छ । तर, ललितपुरको एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालयमा यो नियम लागू भएको देखिएको छैन । सवारी चालक अनुमति पत्र लिन र नवीकरण गर्न लाइनमा उभिनेहरूको बिहीबार ठूलो भीड देखिन्थ्यो, कार्यालय हाताभित्र ।

विश्व स्वास्थ्य सङ्गठनले भनेको न्यूनतम सामाजिक दूरी त के, कसैलाई नछोई कार्यालय भित्र पस्न मुश्किल पर्ने देखिन्थ्यो । हुनत कार्यालयभित्र प्रवेश गर्नेवित्तिकै सुरक्षा गार्ड स्यानिटाइजर लिएर बसेका त छन् तर बढ्दो भीडका कारण सबै हातमा स्यानिटाइजर लगाउन सम्भव देखिएको थिएन । सामाजिक दूरी कायम गराउनका लागि त्यहाँ रेखाङ्कन पनि गरिएको छ । तर, कसैले दूरी कायम गरेका छैनन् । अलिकति खाली ठाउँ राखे अर्कोले पालो मिच्ला भन्ने पीर सेवाग्राहीमा देखिन्थ्यो । अधिकाँश सेवाग्राहीले नाक र मुख छोप्ने गरी मास्क झुन्ड्याएका थिए । तर, सामाजिक दूरी कसैले कायम गरेका थिएनन् । कसैलाई कोरोना भएको रहेछ भने अरुलाई सर्न पनि सक्छ ।

सेवाग्राहीको गुनासो

चालक अनुमतिपत्रका लागि झण्डै डेढ वर्ष पहिले लिएको परीक्षामा पास भएका धापाखेलका सुमन महर्जन बिहिबार चालक अनुमतिपत्र लिनका लागि एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालय पुगे । झण्डै दुई बजे पुगेका उनी लाम बस्दाबस्दै पालो नआएपछि रित्तो हात फर्कनु परेको बताए । चालक अनुमतिपत्रका लागि कार्यालयले लिएको परीक्षा पास गरेपछि उनी यस अघि नै तीन पटक कार्यालय पुगेका थिए । अनुमतिपत्र नआएको जवाफ पाएपछि यसअघि आफू तीन पटक कार्यालय पुगेर फर्किएको उनले बताए । यस पटक भने धेरै अनुमतिपत्र छापिसकेको भन्ने समाचार सुनेर आएको उनले बताए ।

त्यस्तै चालक अनमतिपत्र नवीकरणका लागि कार्यालय पुगेकी सीमा भण्डारी काम नै नबनेपछि फर्किएकी थिइन् । अनुमतिपत्र लिन जाँदा कार्यालयमा देखिएको भीडका कारण अनुमतिपत्र नलिई फर्किएको उनले बताइन् । सरकारले सबैतिर सामाजिक दूरी कायम गर्न भनेपनि यातायात कार्यालयमा त्यसको पालना नभएको उनले बताइन् । यो आर्थिक वर्षको अन्तिममा नवीकरण नगर्दा दस्तुर लाग्ने भएपनि कार्यालयको भीडले गर्दा उनले परिसरमा प्रवेश नै गरिनन् । उनले भनिन्, ‘बढी पैसा लागेपनि लागोस् अहिले भीडमा नजाने भन्ने लाग्यो ।’

सरकारले असारको १ गतेबाट सबै सरकारी कार्यालय खुलाएसँगै यातायात कार्यालयमा सेवाग्राहीको भीड बढेको हो । अनुमतिपत्र नयाँ वा नवीकरण गर्न आउनेको संख्या बढीरहेको छ । सेवाग्राहीको भीडका कारण एकातिर सङ्क्रमणको जोखिम बढेको छ भने अर्कातिर कतिपय सेवाग्राही काम नगरी घर फर्कन बाध्य भएका छन् । सेवाग्राहीको अत्याधिक भीडभाडका कारण प्रहरीलाई भीड नियन्त्रण गर्न हम्मेहम्मे परेको छ

**बढी....**

विशेष परिस्थितिमा सरकारले लागू गरेको कार्यविधिको प्रभावकारी पालनामा सहयोग र साथ दिन स्थानीय सबै सरोकारवालालाई आग्रह गरिएको छ । कास्कीको पोखरा महानगरपालिका-३२ मा कोभिड-१९ बाट मृत्यु भएका व्यक्तिको शव व्यवस्थापनका क्रममा सुरक्षाकर्मी, स्थानीय जनप्रतिनिधि तथा स्थानीय बासिन्दाबीच भएको झडपको घटनाप्रति ध्यानाकर्षण जनाउँदै आयोगले सो आग्रह गरेको हो ।

कोभिड-१९ बाट मृत्यु भएका व्यक्तिको शव स्थानीय बासिन्दासँग समन्वय नै नगरी बस्तीको नजिक व्यवस्थापन गर्न लागेको भन्दै स्थानीयले अवरोध गरेको र स्थानीयको अवरोधका बीच पनि सुरक्षाकर्मीबाट बल प्रयोग गरी शवको व्यवस्थापन गर्ने क्रममा स्थिति तनावपूर्ण भएको आयोगको अनुगमनबाट देखिएको छ ।

कुनै पनि व्यक्तिको मृत्युपश्चात् आफ्नो धर्म, संस्कृति तथा परम्पराअनुसार शवको अन्त्येष्टि गरिनुपर्ने अधिकारको राष्ट्रिय कानूनका साथै नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानूनले समेत प्रत्याभूति गरेको छ । सरकारले कोभिड-१९ बाट मृत्यु भएका व्यक्तिको सम्मानजनक रुपमा शव व्यवस्थापनका लागि कार्यविधिसमेत निर्माण गरी कार्यान्वयनमा ल्याइसकेको छ ।

गण्डकीमा ७९२ थपिए

गण्डकी प्रदेशमा शुक्रबार थप २५ जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ । प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले शुक्रबार बिहान विज्ञप्ति जारी गरी तनहुँमा दुई, स्याङ्जा र बागलुङमा एक/एक तथा नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा २१ जनामा सङ्क्रमण पुष्टि भएको जनाएको छ । संक्रमित मध्ये २३ जना पुरुष र दुई महिला छन् ।

संक्रमितकमा तनहुँको ब्यास नगरपालिकामा ४९ र ३० वर्षीय पुरुष, स्याङ्जा कालीगण्डकी गाउँपालिकाका २८ वर्षीय एक पुरुष, बाग्लुङ बरेङ गाउँपालिकाका २३ वर्षीय एक पुरुष तथा नवलपरासीको गैंडाकोट र कावासोती नगरपालिकाका १९ जना पुरुष र दुई महिलामा कोरोना पुष्टि भएको निर्देशनालयका निर्देशक एवं प्रदेशमा कोरोना रोकथाम, नियन्त्रण एवं व्यवस्थापन उच्चस्तरीय निर्देशक समितिका प्रवक्ता डा विनोदविन्दु शर्माले बताए ।

अहिले सबै जना संक्रमितलाई जिल्लास्थित आइसोलेसन कक्षमा लैजाने तयारी गरिएको निर्देशनालयले जनाएको छ । प्रदेशमा हालसम्म सङ्क्रमितको सङ्ख्या ७९२ पुगेको छ भने १०१ जना निको भएर घर फर्किएका छन् । गण्डकी प्रदेशमा हालसम्म ७९२ जना कोरोना सङ्क्रमित पुगेका छन् । प्रदेशको मुस्ताङबाहेकका अन्य सबै जिल्लामा कोरोना फैलिएको छ । स्याङ्जाका दुई सङ्क्रमितको भने मृत्यु भएको छ ।

## महानगर दादुरारुवेलाको विशेष खोप लगाउँदै

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले यहाँका बालबालिकालाई आगामी बिहीबारदेखि दादुरा रुवेलाविरुद्धको खोप लगाइने भएको छ । गत जिल्लाभरका नौ महिनादेखि पाँच वर्ष उमेरसमूहका ती संख्याका बालबालिकालाई खोप लगाउन लागेको जानकारी दिए ।

गत वैशाख महिनामा नै लगाउनुपर्ने उक्त खोप कोरोना भाइरस सङ्क्रमणका कारण रोकिएको थियो । विशेष सावधानी अपनाएर बिहीबारदेखि यहाँका नौ महिनादेखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई दादुरा रुवेलाविरुद्धको खोप लगाइने कामपाले जनाएको छ ।

आफूलाई सहज हुने स्वास्थ्य केन्द्र र वडा कार्यलयबाट यो खोप सेवा लिन सकिने कामपा-८ का महिला सदस्य इन्दिरा भण्डारीले जानकारी दिइन् । उनका अनुसार खोप लगाउनका लागि बिहीबार र शुक्रबार दुई दिन निर्धारण गरिएको भए पनि शनिबार पनि छुटेकाहरुलाई सम्बन्धित वडा कार्यालयबाट लगाउने तयारी छ ।

देशका अन्य स्थानीय तहले बन्दाबन्दी हुनुपूर्वनै बालबालिकालाई यो खोप दिएको भएपनि कामपाले भने अहिले शुरु गरेको हो । वार्षिक रुपमा पाँच वर्ष मुनिका एक लाख ९० जना बालबालिकालाई नियमित र अन्य केही विशेष खोप दिइने गरेको महानगरपालिकाले जनाएको छ ।

स्थानीय तहको बजेट

# 'हाइ अल्टिच्युड' खेल मैदानदेखि स्थानीयस्तरको रङ्गशालासम्म

**कृष्ण दवाडी/रासस**
कास्की, १२ असार



कास्कीका पाँचवटै स्थानीय तहले आगामी आर्थिक वर्ष २०७७-२०७८ को नीति, कार्यक्रम तथा वार्षिक बजेट गाउँ तथा नगरसभामा प्रस्तुत गरेका छन् । स्थानीय तहले असार १० गतेभित्र आगामी वर्षको नीति कार्यक्रमसहित बजेट सम्बन्धित गाउँ तथा नगरसभामा प्रस्तुत गरिसक्नुपर्ने संवैधानिक प्रावधानले स्थानीय सरकार बजेट कार्यक्रम सभामा पेश गरी आवश्यक छलफलसहित पारित गर्ने तयारीमा जुटेका हुन् ।

विश्वव्यापी महामारीका रुपमा फैलिइरहेको कोभिड-१९ को सङ्क्रमण रोकथाम, व्यवस्थापन तथा नियन्त्रणका लागि स्वास्थ्य उपचार, रोजगारी सिर्जना, उत्पादन वृद्धि तथा तीव्र विकासको जनचाहना पूरा गर्न पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेका यहाँका स्थानीय तहले खेल पूर्वाधार निर्माण तथा प्रतियोगिता सञ्चालनका कार्यक्रमसमेत बजेटमा समावेश गरेका छन् । पाँचवटै स्थानीय सरकारले आगामी वर्ष खेलकूदलाई सम्बोधन गर्ने गरी सीमित मात्रामा भए पनि बजेट विनियोजन गरेर खेलाडी तथा खेलकर्मीलाई खुशी दिएका छन् । भौगोलिकरुपमा देशकै सबैभन्दा ठूलो पोखरा महानगरपालिका र चारवटा गाउँपालिका रहेको जिल्लामा स्थानीय तहले स्वास्थ्य, कृषि, पर्यटन, शिक्षा सँगसँगै खेलकूदसँग सम्बन्धित कार्यक्रम बजेटमा पारेका हुन् ।

पोखरा महानगरपालिकाले वडा नम्बर २० को मौजामा हाइअल्टिच्युड (उच्च पर्वतीय) खेल मैदान निर्माणका लागि रु ५० लाख बजेट विनियोजन गरेको उपप्रमुख मञ्जुदेवी गुरुङले जानकारी दिइन् । समुद्री सतहबाट एक हजार ७०० मिटर उचाइमा निर्माणाधीन सो खेल मैदानमा आवश्यक पूर्वाधार निर्माणलाई निरन्तरता दिन महानगरले सो रकम विनियोजन गरेको हो ।

उच्च पर्वतीय खेल मैदान निर्माण गरी खेल पर्यटनको विकास गर्ने योजनासहित महानगरले चालु आवदेखि काम शुरु गरेको हो । महानगर युवा परिषद् तथा खेलकूद विकास समिति गठन र सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको जनाइएको छ । त्यसैगरी 'स्वास्थ्यका लागि व्यायाम' मा जोड दिँदै टोल तथा उद्यानहरुमा खुला व्यायामशाला निर्माण गर्ने कार्यलाई निरन्तरता दिँदै १० स्थानमा व्यायाम सामग्री जडानको लागि बजेट व्यवस्था गरिएको उपप्रमुख गुरुङले बताइन् ।

महानगरले पोखराको गौरवको रुपमा स्थापित 'पोखरा म्याराथन' तथा उत्कृष्ट वर्ष खेलाडी छनोट गरी अवार्ड प्रदान गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको जनाएको छ । खेलकूद पत्रकार मञ्चले आयोजना गर्ने सो अवार्डका लागि महानगरले पहिलोपटक बजेट व्यवस्था गरेको हो ।

माछापुच्छ्रे गाउँपालिकाले युवा तथा खेलकूद मन्त्रालय र अखिल नेपाल फुटबल सङ्घ(एन्फा) को समन्वयमा गाउँपालिकाको वडा नं ६ भेडाबारीमा एन्फाको टेक्निकल सेन्टर निर्माणका लागि आवश्यक सहजीकरण गर्ने भएको छ । माध्यमिक विद्यालयस्तरीय खेलकूद प्रतियोगिता (राष्ट्रपति रनिङ शिल्ड) निरन्तरता दिँदै गाउँपालिकाको एक महत्वपूर्ण खेलकूद उत्सवको रुपमा मनाइनका लागि रु १० लाख छुट्याएको छ ।

'एक स्थानीय तह, एक खेल ग्राम' कार्यक्रमअन्तर्गत सङ्घीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको सहकार्यमा वडा नं ४ निर्माण भइरहेको स्थानीय स्तरको रङ्गशालामा आवश्यक पूर्वाधार निर्माणमा जोड दिइएको गाउँपालिका अध्यक्ष कर्णबहादुर गुरुङले बताए ।

त्यसैगरी नौ वडा रहेको माछापुच्छ्रेमा 'एक वडा, एक खेलकूद मैदान'को अवधारणालाई क्रमशः कार्यन्वयन गरिँदै लगिने उल्लेख छ ।

रुपा गाउँपालिकाले सङ्घीय सरकारसँगको सहकार्यमा निर्माणाधीन स्तरीय प्यारापिटसहितको रङ्गशाला आगामी वर्षभित्रमा सम्पन्न गर्न जोड दिएको छ । गाउँपालिकासँगको सहकार्यमा निर्माणाधीन सो रङ्गशाला आगामी वर्षभित्रमा सम्पन्न गरिने र गाउँपालिकाभित्रका सबै वडामा खेल मैदान बनाउने कार्यक्रमलाई बजेटमा निरन्तरता दिइएको अध्यक्ष नवराज ओझाले जानकारी दिए ।

अन्नपूर्ण गाउँपालिकाले खेलकूद पूर्वाधार संरचनाको निर्माणलाई बजेट कार्यक्रमको प्राथमिकतामा राखेको छ । युवा तथा खेलकूद मन्त्रालयको सहकार्यमा वडा नं २ मा अवस्थित माछापुच्छ्रे माविको खेल मैदानलाई गाउँपालिकाले स्थानीय स्तरको खेलग्राम (रङ्गशाला)को रुपमा विकास गर्ने गरी आवश्यक काम अघि बढाईएको जनाएको छ ।

युवा क्लब तथा विभिन्न सामाजिक सङ्घ संस्थाको संस्थागत क्षमता अभिवृद्धि एवं खेलकूद पूर्वाधार संरचनाको निर्माणलाई बजेट कार्यक्रममा समावेश गरिएको गाउँपालिका अध्यक्ष युवराज कुँवरले बताए । मादी गाउँपालिकाले विभिन्न खेलकूद प्रतियोगिता आयोजना, सहयोग तथा युवा, खेलकूद र संस्कृति संरक्षण शीर्षकमा रु १७ लाख बजेट विनियोजन गरेको उपाध्यक्ष विष्णुमाया आचार्यले जानकारी दिए ।

# 'आत्मनिर्भर उत्तर प्रदेश रोजगार अभियान' शुरु



**नयाँ दिल्ली, एएनआई** - भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भारत सरकारले शुरु गर्न लागेको विशेष रोजगार कार्यक्रम 'आत्मनिर्भर उत्तर प्रदेश रोजगार अभियान' आयोजनाको शुक्रबार उद्घाटन गरेका छन् । भारतको उत्तर प्रदेश सरकारले सो आयोजना कोभिड १९ पछिको अवस्थामा यहाँका लाखौं बेरोजगार व्यक्तिलाई लक्ष्य गरेर उनीहरुलाई रोजगारी दिने योजनाअनुरुप शुरु गरिएको हो ।

'आत्मनिर्भर उत्तर प्रदेश रोजगार अभियान नाम दिइएको यस विशेष रोजगार आयोजना खासगरी कोभिड १९ का कारण उत्तर प्रदेश राज्यमा हालै घर फर्किएर आएका करिब ३० लाख युवालाई लक्ष्य लिइएको छ । उनीहरुलाई रोजगारी दिनेगरी यो अभियान शुरु गरिएको हो । शुक्रबार उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको उपस्थितिमा प्रधानमन्त्री मोदीले भर्चुअल माध्यमबाटै उद्घाटन गरेका थिए ।

तर उत्तर प्रदेशमा यति धेरै मानिसलाई रोजगारी दिने भनेर भारत सरकारले शुरु गर्न लागेको भनिएको यस आयोजनाको प्रचारको भने भारतका विभिन्न विपक्षी राजनीतिक दलहरुले विश्वास गरेका छैनन् ।

यसअघि पनि भारतको सरकारले यही जुन २० यस्तै लाखौं व्यक्तिलाई रोजगारी दिने भन्दै यस्तै विशेष रोजगार कार्यक्रमको शुरुवात गरेको थियो । भारतको सरकारले यसैगरी भारतका विभिन्न राज्यहरुमा कोभिड १९ का कारण विदेश तथा स्वदेशका विभिन्न आयोजनाबाट घर फर्किएर आएका बेरोजगार नागरिकका लागि यस्तै विशेष रोजगार तथा आत्मनिर्भर कार्यक्रमहरु सञ्चालनमा ल्याएको जनाएको छ ।

# अमेरिकामा दुई करोड सङ्क्रमित भएको अनुमान



वासिङ्टन, एजेन्सी-अमेरिकामा कोरोनाभाइरसबाट झण्डै दुई करोड मानिस सङ्क्रमित भएको हुनसक्ने अनुमान गरिएको छ ।

देशमा सङ्क्रमित भित्रिएदेखि अहिलेसम्म कुल सङ्क्रमितको संख्या दुई करोड पुगेको हुनसक्ने सरकारी स्वास्थ्य अधिकारीहरुले अनुमान गरेका हुन् ।

स्वास्थ्य अधिकारीहरूले अमेरिकामा कम्तीमा दुई करोड मानिसमा कोरोनाभाइरस सङ्क्रमित भइसकेको हुनसक्ने अनुमान गरेका छन् । अमेरिकाको रोग नियन्त्रण केन्द्रले सङ्क्रमितको वास्तविक संख्या अहिले पुष्टि गरिएको भन्दा १० गुणा बढी हुनसक्ने पनि जनाएको छ ।

सङ्क्रमित र अस्पताल भर्ना हुनेहरूको संख्या बढेपछि टेक्सास राज्यले पूर्ण रूपमा खुला गर्ने आफ्नो योजनालाई स्थगित गरेकै बेला यस्तो तथ्य सार्वजनिक भएको हो ।

अमेरिकामा अहिलेसम्म संसारकै सबैभन्दा धेरै २४ लाख जना सङ्क्रमित भएको तथ्यांक रहेको छ । त्यसैगरी हालसम्म एक लाख २२ हजार ३ सय ७० जनाको अमेरिकामा कोरोनाका कारण मृत्यु भएको छ ।

देशका दक्षिणी र पश्चिमी केही राज्यहरूमा पछिल्लो समय अत्यधिक धेरै मानिस सङ्क्रमित भएको विवरण सर्वाजनिक भएका छन् ।

यस बारेमा अध्ययन अनुसन्धान गरिरहेका वाशिङ्गटन विश्वविद्यालयका अनुसन्धानकर्ताहरुले आगामी अक्टोबर महिनासम्ममा १ लाख ८० हजारको मृत्यु हुने अनुमान गरेका छन् ।

उनीहरुले ९५ प्रतिशत अमेरिकीहरूले मास्क लगाएमा त्यो सख्या १ लाख ४६ हजारमा सिमित हुन सक्ने अनुमान पनि गरेका छन् ।

रोग नियन्त्रण केन्द्रका निर्देशक डा रोबर्ट रेडफिल्डले अहिले जति सङ्क्रमितको तथ्यांक सार्वजनिक भएको छ, ती हरेकबाट अन्य दश जनाको दरले सङ्क्रमित भएको हुनसक्ने देखिएको बताउनुभयो ।

अहिलेसम्म लक्षण देखिएका र चासो देखाएकाहरुलाई मात्रै कोरोना परिक्षण गर्ने गरिएकाले सङ्क्रमितको संख्या अहिले सार्वजनिक भएको भन्दा दश गुण हुनसक्ने अनुमान गरिएको उहाँको भनाई छ ।

यसरी हेर्दा अमेरिकाका पाँचदेखि आठ प्रतिशतसम्म मानिसलाई कोरोनाभाइरसले असर गरिसकेको हुनसक्ने देखिएको छ ।

सङ्क्रमणको क्रम तिब्र गतिमै रहेकाले सामाजिक दुरी कायम राख्ने, मास्क, पञ्जा र सेनिटाइजर लगाउने, हात धुनेलगायतका आधार भूत स्वास्थ्य सतर्कताका कार्यहरु गर्न स्वास्थ्य अधिकारीहरुले आह्वान गरेका छन् । पछिल्लो समयमा हेलचक्रयाई पनि बढ्दै गएकाले मानवीय क्षति अझ धेरै हुनसक्ने भन्दै उनीहरुले चिन्ता पनि व्यक्त गरेका छन् ।

# इंग्लिस प्रिमियर लिगको उपाधि लिभरपुललाई



**लण्डन, एजेन्सी–** लिभरपुलले यस वर्षको इङ्गलिस प्रिमियर लिगको उपाधि जितेको छ । बिहीबार लिभर पुलको कसैसँग प्रतिस्पर्धा त थिएन । तर चेल्सीसँग म्यानचेस्टर सिटी २-१ ले पराजित भएपछि उपाधि लिभरपुलको पोल्टामा परेको हो ।

च्याम्पियनसिपमा कब्जा जमाउन बिहीबार लिभरपुललाई केबल एक जित आवश्यक थियो । तर म्यानचेस्टर सिटी हारेपछि लिभरपुलको अग्रतामा कसैबाट खतरा भएन ।

लिभरपुलले १९ औं पटक इङ्गलिस प्रिमियर लिगको उपाधि जितिसकेको छ । तर १९८९-९० पछि ऊ पहिलो पटक च्याम्पियन बनेको हो । यो उपलब्धी हासिल गर्न उसलाई ३० वर्ष कुर्नु पऱ्यो । लिभरपुलले लिगमा ८६ अंक बटुलिसकेको छ । दोस्रो स्थानको म्यानचेस्टर सिटीभन्दा २३ अंकले अगाडि छ । इङ्गलिस प्रिमियर लिगमा दुई टिमबीच यति धेरै अन्तर यसअघि देखिएको थिएन । लिभरपुलले अझै ७ खेल खेल्न बाँकी छ । यति चाँडै उपाधि जित्ने यो आफैंमा रेकर्ड हो । लिभर पुलका फ्यानहरु ठाउँठाउँमा भेला भएर खुसियाली मनाइरहेका छन् ।

लिभरपुलले तीन दशकपछि इङ्गलिस शीर्ष डिभिजनको फुटबलको उपाधि जिते पनि आधुनिक प्रिमियर लिगमा भने यो पहिलो उपाधि हो । लिभरपुलले पछिल्लो पटक सन् १९९० मा लिग जितेको थियो । तर १९९३ बाट आधुनिक प्रिमियर लिग सुरुवात भएको हो । त्यसयता लिभरपुलले पहिलो पटक उपाधि जितेको हो ।

आधुनिक लिग म्यानचेष्टर युनाइटेडले सर्वाधिक १३ पटक जितेको छ भने चेल्सीले ५ पटक, म्यानचेष्टर सिटीले ४ पटक, आर्सनलले ३ पटक जितेका छन् । यस्तै ब्ल्याक रोभर्स लेस्टर सिटी र लिभरपुलले एक-एक पटक प्रिमियर लिग जितेका छन् ।

इङ्गलिस फुटबल लिग सन् १८८८ मा सुरुवात भएको थियो । त्यसयता भने युनाइटेडले सर्वाधिक २० पटक र लिभरपुलले १९ पटक लिग उपाधि जितेको छ । लिभरपुलको यो उपलब्धीको श्रेय कोच जुर्गेन क्लोपलाई दिइएको छ । उनको नेतृत्वमा लिभरपुलले यस सिजन उत्कृष्ट प्रदर्शन गर्दै आएको छ । लिभरपुलले ३१ खेल खेल्दा २८ मा जित र दुईमा बराबरी गरेको छ । केबल एक खेलमा लिभरपुल पराजित भएको छ ।

जर्मन कोच जुर्गेन क्लोपले सन् २०१५ बाट लिभरपुलको कमाण्ड सम्हालेका थिए । त्यतिबेला लिभरपुल दसौं नम्बरको टिम थियो । आक्रामक फुटबल रणनीति अपनाउने क्लोप आउनासाथ लिभरपुलको भाग्य बदलियो । उनको नेतृत्वमा टिमले चार सिजन बिताइसकेको छ । चार सिजनमा टिमको पोजिसन चौथो, चौथो, दोस्रो हुँदै पहिलो भएको छ ।

क्लोपले टिममा फरवार्ड मोहम्मद सालेह, साडियो माने र रोबर्टो फिरमिनोलाई सामेल गरे । यी तीनै खेलाडीहरुले सिजनमा लिभरपुलका लागि २ सय ११ गोल गरिसकेका छन् ।

यसैबीच, लिभरपुललाई ३० वर्षपछि पहिलो पटक लिग उपाधि जिताउन नेतृत्व गरेका प्रशिक्षक क्लोपले यसलाई आफूले सोचेको भन्दा ठूलो सफलता भएको बताएका छन् । 'मसँग कुनै शब्द छैन,' तीन दशकको उपाधिविहीन यात्रालाई तोड्दै प्रिमियर लिग उपाधि दिलाएपछि क्लोपले स्काई स्पोर्ट्ससँग भने । लिभरपुलले सन् १९८९(९० मा पछिल्लो पटक लिग उपाधि जितेको थियो । सन् १९९३ मा आधुनिक प्रिमियर लिग सुरु भएयता भने भने लिभरपुलले पहिलो पटक लिग जितेको हो ।

'यो मैले सोच्न सक्ने सबैभन्दा उत्तम चिज हो र मैले देख्ने सपनाभन्दा धेरै । यो अविश्वसनीय छ । मैले सोच्ने सम्भावना भन्दा धेरै हो,' क्लोपले भने । अन्तर्वार्तामा लिभरपुलको जर्सी लगाएका जर्मन नागरिक प्रशिक्षक क्लोपले भने, ' यो क्लबसँग च्याम्पियन हुँदा अनौठो महसुस भइरहेको छ ।'

'मेरा खेलाडीबाट यो अविश्वसनीय सफलता हो र उनीहरुलाई प्रशिक्षण दिने प्रशिक्षकका हिसाबले मलाई आनन्द मिलेको छ,' क्लोपले भने ।

# बिहारमा चट्याङ् लागेर मृत्यु हुनेको संख्या ९२ पुग्यो



**पटना, एजेन्सी-** भारतको बिहारमा बिहीबार राति परेको चट्याङ लागेर ९२ जनाको मृत्यु भएको समाचारमा जनाइएको छ ।

चट्याङका कारण गएको २४ घन्टायता मात्र कम्तीमा पनि ९२ जनाको ज्यान गएको अधिकरीहरुले जानकारी दिएहा छन् ।

शुक्रबार यो संख्या ९२ पुगेको बिहारको विपद व्यवस्थापन केन्द्रले जानकारी दिएको हो । भारतीय सञ्चार मध्यमहरुका अनुसार बिहार राज्यका २१ जिल्लामा बिहीबार साँझदेखि रातिसम्म चट्याङ परेको थियो । सबैभन्दा धेरै बिहारको गोपालगञ्ज जिल्लामा १३ जनाको मृत्यु भएको छ । यस्तै नवादा र पश्चिमी चम्पारण जिल्लामा आठ, आठ जनाको मृत्यु भएको भारतीय सञ्चार माध्यमहरुले जनाएका छन् ।

बिहीबार बिहारलगायत भारतका उत्तरी राज्यहरुमा ७२ घण्टाका लागि मौसमी चेतावनी जारी गरिएको थियो । भीषण वर्षा र हावाहुरी चल्ने सूचना यहाँको मौसम विभागले जारी गरेको थियो ।

मौसम खराब रहेकोले बाहिर ननिस्कन र सम्भावित चट्याङबाट बच्ने उपायहरु अपनाउन पनि राज्यका सबै सर्वसाधारण नागरिकहरुमा सूचना जारी गरिएको बताइएको थियो ।

बिहारमा समय समयमा पर्ने गरेको चट्याङ्बाट ठूलो संख्याका नागरिकको ज्यान जाने गरेको पाइएको छ । बिहारका मुख्यमन्त्री नितिश कुमारले चट्याङ लागेर ज्यान गएका व्यक्तिका परिवारका सादस्यलाई प्रति परिवार ४ लाख भारतीय रुपैयाँका दरले क्षतिपूर्ति दिने घोषणा पनि गर्नुभएको छ ।

यसैबीच, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार भारी वर्षा र यसपछि परेको चट्याङ लागेर मृत्यु भएकाहरुको परिवारप्रति समवेदना प्रकट गरेका छन् । उनले सामाजिक सञ्जाल, ट्वीटरमार्फत बिहीबार बिहारलगायत भारतका उत्तरी राज्यहरुमा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गरेका हुन् । उनले ट्वीट गर्दै भनेका छन् - अविरल वर्षा र यसपछिको चट्याङमा परेर धेरै नागरिकको ज्यान गएको समाचार सुनेर मलाई निकै दुःख लागेको छ । भारतको बिहार र उत्तर प्रदेशका कैयौं जिल्लाहरुका लागि यहाँका मौसमविद्हरुले बिहीबार आगामी ७२ घण्टाको लागि मौसमी चेतावनी जारी गरेका छन् ।

भीषण वर्षा र हावाहुरी चल्ने चेतावनी दिइएको छ । बिहीबार बिहारलगायत भारतका उत्तरी राज्यहरुमा ७२ घण्टाका लागि मौसमी चेतावनी जारी गरिएको थियो । भीषण वर्षा र हावाहुरी चल्ने सूचना यहाँको मौसम विभागले जारी गरेको थियो । मौसम खराब रहेकोले बाहिर ननिस्कन र सम्भावित चट्याङबाट बच्ने उपायहरु अपनाउन पनि राज्यका सबै सर्वसाधारण नागरिकहरुमा सूचना जारी गरिएको बताइएको थियो ।

# युरोपमा कोरोनाको दोस्रो चरण शुरु



**लण्डन, एजेन्सी-**युरोपमा पुनः कोरोना भाइरसको संक्रमण बढ्दो क्रममा देखिएको विश्व स्वास्थ्य संगठन 'डब्लुएचओ' ले जनाएको छ । डब्लुएचओका क्षेत्रीय निर्देशक डा. हान्स हेनरी क्लुगले संक्रमण फैलिन नदिनका लागि लागु गरिएका प्रतिबन्धहरु फुकुवा गरेसँगै पछिल्ला हप्तामा संक्रमण बढेको बताएका हुन् ।

उनका अनुसार अर्मेनिया, स्वीडेन, माल्डोभा, नर्थ मेशेडोनियासहितका ११ देशमा संक्रमण बढ्दो क्रममा देखिएको छ । महामारीको दोस्रो लहर आउने सम्भावना देखिएको र सावधानी नअपनाइएमा स्वास्थ्य सेवा अति कमजोर हुने चेतावनी डब्लुएचओले दिएको छ ।

संक्रमण बढ्दो क्रममा देखिनेमा अजरबैजान, काजखस्तान, अल्बानिया, बोसनिया हर्जगोविना, किर्जिकिस्थान, युक्रेन र कोसोभो पनि रहेका छन् । पोल्याण्ड, जर्मनी, स्पेन, इजरायलसहितका देशले विद्यालय, कोइला खानी तथा खाद्य उत्पान उद्योगमा देखिएको संक्रमण नियन्त्रणका लागि तत्काल काम गरेकाले थप फैलिन नपाएको बताइएको छ ।

युरोपमा अहिलेसम्म २६ लाख भन्दा बढी मानिसमा संक्रमण पुष्टि भएको छ । त्यसमध्ये एक लाख ९५ हजार भन्दा बढीको मृत्यु भएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७४/०६/२६ मा दर्ता भएको **प्रा.लि. नं. १७६४५०** को **रोशनी निर्माण सेवा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०३/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक डिभिजन जनकपुर, धनुषा
**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी संशोधनको सूचना**
(पत्रिकामा प्रकाशित मिति २०७७/०३/१३)
यस डिभिजनबाट मिति २०७७/०३/१२ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचनामा तपसिल बमोजिम संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।
**तपसिल** :
१. ठे.नं. RDJKR/33701143/076-77/93 मा Roshan Construction Pvt. Ltd., Janakpur लाई हटाई RamJanaki Nirman Sewa, Janakpur-10 थप गरिएको छ ।
२. ठे.नं. RDJKR/33701143/076-77/95 मा Puspanjali Construction Pvt. Ltd लाई हटाईएको छ ।
३) ठे. नं. RDJKR/33701143/076-77/99 मा Kamal Nirman sewa थप गरिएको छ ।
४) आर्थिक प्रस्ताव खोल्ने मितिः २०७७०३।२१ गते, समयः विहान ११:०० बजे
डिभिजन प्रमुख

# अब शेयर बजार बन्द नगर्ने लगानीकर्ताहरूको घोषणा

मध्यान्ह संवाददाता
काठमाडौं, १२ असार

सेयर बजार सम्बन्धी विभिन्न लगानीकर्ता संघसंगठनका नेताहरुले अबका दिनमा कहिल्यै बजार बन्द नगर्ने तथा आन्दोलनमा नउत्रने भन्दै धितोपत्र बोर्ड समक्ष एक पत्रमा हस्ताक्षर गरेका छन् । यस अघि बजार सुधार र विकासका लागि आवश्यक काम नगरी बजार खुला गरे आन्दोलन गर्ने घोषणा गरेका लगानीकर्ताहरुले शुक्रबार भने सहमति पत्रमा हस्ताक्षर गरेका हुन । शुक्रबार नेपाल धितोपत्र बोर्ड र पाँच वटै लगानीकर्ता संघका प्रतिनिधिहरु बीच छलफल भएको थियो । छलफलका क्रममा आगामी दिनमा कुनै पनि बहानामा बजार बन्द नगर्ने प्रतिवद्धता बोर्ड र लगानीकर्ता दुबैले व्यक्त गरेका छन् ।




लगानीकर्ताको नाममा आफ्ना माग अघि सारेर आन्दोलन तथा आमरण अनसन बस्दै आएका लगानीकर्ता सम्बन्धी विभिन्न संघसंस्थाका नेताहरुले बोर्ड समक्ष पुगेर अब उप्रान्त कुनै पनि बहानामा धितोपत्रको दोस्रो बजार बन्द नगर्ने व्यवस्था मिलाउन लगानीकर्ता सम्बन्धी संघसंस्था प्रतिवद्ध रहेको भन्दै हस्ताक्षर गरेका छन् । उक्त पत्रमा लगानीकर्ता सम्बन्धी विभिन्न ५ वटा संस्थाका अध्यक्षहरुले हस्ताक्षर गरेका छन् । यस अघि विभिन्न बाहानामा बजार बन्द भएपनि अबका दिनमा लगानीकर्ता संघसंस्थाका नेताहरुले सेयर बजार बन्द नगर्ने भन्दै हस्ताक्षर गरेर प्रतिवद्धतापत्र बुझाएको धितोपत्र बोर्डले जनाएको छ । धितोपत्र सुधार सम्बन्धी कार्यदलमा सुझाव दिनका लागि लगानीकर्ता सम्बन्धी संघसंस्थाका नेताहरु बोर्डमा आएका र सोही क्रममा अबका दिनमा कहिले पनि बजार बन्द गर्ने खालका क्रियाकलाप गर्दैनौं भनेर बोर्ड समक्ष हस्ताक्षर गरेर गएका बोर्डको भनाई छ ।

साथै उनीहरुले यस अवधिमा भए गरेका प्रगतिहरुको जानकारी गराउँदै सकेसम्म चाँडो दोस्रो बजार खुला गर्न अनुरोध समेत गरेका छन् । लगानीकर्ता सम्बन्धी संघसंस्थाका नेताले बजार बन्द गर्ने गरी बोर्ड समक्ष सम्झौता गरेपनि लकडाउन पश्चात बन्द अवस्थामा रहेको सेयर बजार कहिले खुल्छ भन्नेमा अझै अन्यौल रहेको छ । धितोपत्र बजार सुधार सम्बन्धी गठित समितिले सकभर शनिबार वा आईतबार मात्र बोर्ड समक्ष सुझाव पेश गर्नेछ र सोही अनुसार बजार खुल्ने बोर्डको भनाइ छ ।


छलफलमा नेपाल इन्भेष्टर्स फोरमबाट अध्यक्ष छोटेलाल रौनियार, शेयर लगानीकर्ता संघ नेपालका अध्यक्ष उत्तम अर्याल, नेपाल पूँजीबजार लगानीकर्ता संघकी अध्यक्ष राधा पोखरेल, नेपाल पूँजीबजार संघकी अध्यक्ष संरक्षणा चौधरी, शेयर लगानीकर्ता दबाब समूहबाट अध्यक्ष तिलक कोइराला र सचिव गोपाल स्वामी सहभागी थिए ।

यसअघि लगानीकर्ताहरुलै नै सेयर बजार खोल्नुपर्ने भन्दै विभिन्न दवाव दिँदै आएका थिए । सोही अुनसार सरकार, धितोपत्र बोर्ड तथा विभिन्न निकायको आलोचना समेत हुँदै आएको थियो । तर बिचमा अर्थ समितिले धितोपत्र बोर्डसँग बैठक बसेर लकडाउन अवधिमा धितोपत्र बजारको बारेमा जानकारी लिएको थियो । सोही अनुसार बोर्डले एक समिति गठन गरेको र उक्त समितिले प्रतिवेदन बुझाएपछि बजार खुल्ने बोर्डले स्पट पारिसकेको छ ।

## चमेलिया र नौगाडको डिपिआर स्वीकृत

गणेश सिंह धामी/मध्यान्ह
दार्चुला, १२ असार

चमेलिया र नौगाड नदीमा तटबन्ध तथा संरक्षणको संरचना निर्माण गर्न विस्तृत योजना प्रतिवेदन (डिपिआर) स्वीकृत भएको छ । महाकाली नदी नियन्त्रण आयोजनाले तयार गरेको डिपिआर जलस्रोत तथा सिँचाई विभागले स्वीकृत गरेको हो ।



सरकारले गतवर्षको बजेट मै चमेलिया र नौगाड नदी संरक्षणको संरचना बनाउने घोषणा गरेको थियो । बजेट वक्तव्यमा दुबै नदी किनारमा संरचना निर्माणका लागि डिपिआर तयार गरिने उल्लेख थियो । महाकाली नदी नियन्त्रण आयोजनाले तयार गरेको डिपिआर गत जेठ २७ गते विभागबाट स्वीकृत भएको आयोजना प्रमुख रणवहादुर बमले जानकारी दिए ।

आयोजनाको प्राविधिक जनशक्तिबाट दुबै नदीको डिपिआर तयार गरिएको उल्लेख गर्दै आयोजना प्रमुख बमले प्राविधिक अध्ययन र फिल्डस्तरको स्थलगत भ्रमण गरी डिपिआर तयार गरिएको र विभागका महानिर्देशकबाट स्वीकृत भएको बताए ।

महाकाली नदी किनारमा बनाइएको तटबन्धको संरचनाजस्तै गोकुलेश्वरस्थित चमेलिया नदीमा संरचना बनाइने छ । विभागले स्वीकृत गरेको डिपिआरअनुसार चमेलिया नदी नियन्त्रणको कुल लागत ९९ करोड ८८ लाख ४८ हजार रहेको छ । गोकुलेश्वर बजारको क्षेत्रमा आरसिसि रिटेनिङ वाल (सिमेन्टको पक्की संरचना) बनाउने लक्ष्य छ । 'चमेलिया नदी किनारको दार्चुलातर्फ १२ सय मिटर र बैतडीतर्फ ३ सय मिटर लामो पक्की संरचना बनाइनेछ' आयोजना प्रमुख बमले बताए ।

आयोजना प्रमुख बमका अनुसार चमेलिया नदीका अन्य क्षेत्रहरुमा पनि संरक्षणको काम गरिने र गोकुलेश्वर बजार बाहिरको क्षेत्रमा ग्याविन तारजालीको काम हुनेछ ।

चमेलिया नदीको सहायक नदी नौगाडको छुट्टै डिपिआर तयार गरिएको छ । नौगाड गाउँपालिकाको वडा नं. ३ जामिरदेखि वडा नं. ६ धुलिगडाको खेडासम्म नदीको किनारमा संरचना बनाइनेछ । आवश्यकताअनुसार नदीको दुबैतर्फ संरचना बनाइने नौगाड नदी नियन्त्रणका लागि ३३ करोड ३० लाख ८३ हजार लागतको डिपिआर स्वीकृत भएको छ ।

नौगाड नदीमा २०७० र २०७५ सालमा ठूलो वाढी गएको थियो । वाढीबाट दर्जनौं घरपरिवार विस्थापित भएका छन् भने सयौं रोपनी जमिन र सडकको संरचनामा क्षति पुगेको थियो । गोकुलेश्वरमा चमेलिया नदीको कटानले गोकुलेश्वर बहुमुखी क्याम्पस, गोकुलेश्वर अस्पताल, हवाइमैदान र बजार क्षेत्रसमेत जोखिममा छ ।

नौगाड र चमेलिया नदीमा तटबन्धको संरचना निर्माण गर्न राजनीतिक र प्रशासनिकस्तरबाट पहल भएको थियो । नेपाल सरकारको बजेट प्रणालीमा यी दुबै नदी संरक्षणका आयोजना समावेश भइसकेको महाकाली नदी नियन्त्रण आयोजनाले जनाएको छ । हाल महाकाली नदीमा संरक्षणको संरचना निर्माण गरिरहेको महाकाली नदी नियन्त्रण आयोजनाले नै चमेलिया र नौगाड नदीको काम गर्नेछ । दुबै नदीको डिपिआर स्वीकृति भइसकेपछि खरिद गुरुयोजना तयार भइरहेको आयोजनाले जनाएको छ । आयोजनाले नौगाड नदी नियन्त्रणमा १० करोड र चमेलिया नदी नियन्त्रणमा ३० करोड बजेटको माग गरेको छ ।

आगामी तीन वर्षको खरिद योजना निर्माण गरी कार्यान्वयन गर्ने गृहकार्यमा लागेको र अर्थ मन्त्रालयको सहमतिमा ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयबाट खरिद योजना स्वीकृत भएपछि कार्यान्वयन चरणमा जाने आयोजना कर्मचारी करन सिंह धामीले जानकारी दिए ।

बहुवर्षीय ठेक्का प्रणालीबाट चमेलिया र नौगाड नदीमा संरचना निर्माणको कार्य गरिने आयोजनाले जनाएको छ । महाकाली नदी किनारको कार्य भने आगामी वर्ष सम्पन्न गर्ने लक्ष्य रहेको र डिपिआर अनुसारको संरचना पाँच वर्षभित्र निर्माण गरिनेछ बताइएको छ ।

## विभिन्न ६ कम्पनीलाई गुणस्तर विभागको कारबाही



मध्यान्ह संवाददाता
काठमाडौं, १२ असार

सरकारले विभिन्न अग्नि सिमेन्टसहित ६ कम्पनीलाई गुणस्तरको न्युनतम मापदण्ड पुरा नगरेको भन्दै कारबाही गरेको छ । नेपाल गुणस्तर तथा नापतौल विभागले ४ ओटा सिमेन्ट कम्पनी, एउटा आटा उद्योग र एउटा ग्याँस कम्पनीलाई कारबाही प्रक्रिया अघि बढाएको हो । विभागले विभिन्न मितिमा गरेको अनुगमनसहित आकस्मिक निरिक्षण गरी नमुना संकलन गर्दै ल्यावमा उक्त कम्पनीका उत्पादन परिक्षण गरेको थियो । कम्पनीको ल्याव परिक्षणमा उक्त ६ कम्पनीका उत्पादनमा गुणस्तरको न्युनतम मापदण्ड पुरा नभएको पाईएपछि कारबाही अघि बढाएको छ । विभागले बारस्थित रिलायन्स सुपरटेक सिमेन्ट प्रालि र पर्सास्थित ईन्टरनेशनल सिमेन्ट प्रालिको ईजाजत नै रद्ध गरेको छ भने, अन्य ४ कम्पनीहरुलाई स्पष्टीकरण माग गरेको छ । उक्त २ ओटा सिमेन्ट कम्पनीले ईजाजतपत्र स्थगन गरिएको अवस्थाामा पनि आफ्नो उत्पादन बजारमा विक्री वितरण गरिरहेकाले ईजाजतपत्र नै खारेज गरिएको विभागको भनाई छ । यस्तै काठमाडौंस्थित चाल्नाखेलको एभरेष्ट ग्याँस प्रालिले भने एलपीजी सिलीण्डरसम्बन्धी नेपाल गुणस्तर मापदण्ड नै पुरा नगरेको विभागले जानकारी दिएको छ । साथै अग्नी सिमेन्टको आइआर मान र एमपीए मान नै मापदण्डभन्दा बढी रहेको पाईएपछि कम्पनीलाई स्पष्टीकरण सोधिएको छ । सर्वोत्तम सिमेन्टको भने आईआर मान नै बढी भएकाले कारबाही प्रक्रिया अघि बढाइएको छ । साथै मोरंगस्थित कमला रोलिंग मिल्सको उत्पादनमा भने सल्फर र फस्फोरसको मात्रा नेपाल गुणस्तरयुक्त नभएकाले कारबाही प्रक्रिया अघि बढाईएको हो ।

## अब सिटी एक्सप्रेसमार्फत मोबाइल वालेटमै विप्रेषण




काठमाडौं/मस-विज्ञान तथा प्रविधिमा आएको परिवर्तनले अब विदेशको कमाई सिधै मोबाइलमा पठाउन सहज भएको छ । खल्ती मोबाइल वालेटले जापान र कोरियाबाट मोबाइलमा नै विप्रेषण भित्र्याउन थालेको जनाएको छ ।

सिटी एक्स्प्रेस मनी ट्रान्सफरसँगको सहकार्यमा उसको भगिनी संस्था सिटी एक्सप्रेस मनी ट्रान्सफर जापान र दक्षिण केरियाको जी मनी ट्रान्सफरमार्फत खल्ती मेबाइल वालेटमा सिधै विप्रेषण भित्र्याउन थालेको हो । खल्तीले यी दुई मुलुकबाट मोबाइल खातामा सिधै रकम पठाउन मिल्ने सेवा शुरु गरेपछि नेपालमा रकम प्राप्त गर्ने व्यक्तिले पिन नम्बर र आफ्ने परिचय पत्र लिएर विप्रेषण कम्पनीको एजेन्ट कहाँ रकम झिक्न धाउनुपर्ने झञ्झटसमेत अन्त्य भएको छ ।

जापानमा रहेका नेपालीले सिटी एक्सप्रेस मनी ट्रान्सफरको नजीकैको एजेन्ट कहाँ गएर सिधै नेपालमा आफन्तको खल्ती मेबाइल खातामा सिधै रकम पठाउन सक्नेछन् । उता कोरियाबाट भने रकम पठाउन चाहनेले मेबाइल एपबाटै ट्रान्सफर गर्न सक्ने भएका छन् । त्यहाँ रहेका नेपालीले जी मनीका तीन वटा शाखामा गएर पनि खल्ती वालेटमा रकम पठाउन सक्नेछन् । सिटीको जापानमा टोकियो सिन्जुकु, नागोया, फुकुओका र तेचिगीमा शाखा रहेका छन् ।

यस्तै जी रेमिटका कोरियामा सोललगायत विभिन्न तीन शहरमा शाखा छन् । सिटी एक्स्प्रेसका व्यवसाय विकास प्रबन्धक सागर खनालले विभिन्न मुलुकबाट स्थानीय विप्रेषण कम्पनीसँग सहकार्य गरेर विप्रेषण भित्र्याइरहकामा जापान र कोरियाबाट भने आफ्नै कम्पनीबाट खल्तीमार्फत विप्रेषण भित्र्याउन थालेको हो । विश्वभर लकडाउनले घरबाहिर निस्कन नसकिरहेको अवस्थामा मोबाइलबाटै खल्तीमा विप्रेषण पठाउन सकिने व्यवस्थाले विदेशमा रहेका नेपालीलाई धेरै सहज भएको उनले जानकारी दिए ।

खल्तीका निर्देशक अमित अग्रवाल जापान र कोरियाबाट डिजिटल माध्यमबाट विप्रेषण ल्याउन थालेपछि रकम पठाउने र प्राप्त गर्ने दुवैलाई निकै सहज हुने बताउनु हुन्छ । मोबाइलमै नगद प्राप्त हुने र सिधै बैंक खातामा जम्मा गर्न सकिने भएकाले सुरक्षित हुनाका साथै फजुल खर्च हुने सम्भावनासमेत कम हुने बताइन्छ । खल्ती नेपालको लोकप्रिय पेमेन्ट गेटवे हो । यसका प्रयोगकर्ताको सङ्ख्या १३ लाखभन्दा बढी छ ।

## सुर्खेतमा शितभण्डार बन्दै



बीपी शर्मा/मध्यान्ह
सुर्खेत, १२ असार

प्रदेश न ६ को उर्वरा भूमिकोरुपमा परिचित सुर्खेतको भेरिगगा नगरपालिकामा नारी जागरण शितभण्डार बन्ने भएको छ । कृषि विकास निर्देशनालय, सुर्खेत र स्थानीय साना किसान सहकारी संस्थाको संयुक्त लगानीमा उक्त शितभण्डार चालु आ.व २०७६/७७को असाढ मसान्तसम्ममा निर्माण भइसक्ने बताइएको छ । रु. ९९ लाखको लगानीमा बन्न लागेको सो शितभण्डारमा ४ वटा कोठा रहेका छन् ।

ती कोठामा ५०/५० टनका दरले २ सय मेट्रिक टन तरकारी ,फलफूल तथा अन्न शितभण्डार गर्न सकिने छ । कृषि विकास निर्देशनालय, सुर्खेतको ७० प्रतिशत र स्थानीय साना किसान सहकारी संस्था, छिन्चु सुर्खेतको ३० प्रतिशत लगानिमा शितभण्डार बन्न लागेको हो । निर्माणधीन शितभण्डारले कृषकहरुलाई धेरै फाइदा पुग्ने छ । यहाँ शितभण्डारको अभावले हरेक बर्ष कृषकहरुले आलुको बिउलगायत बिभिन्न अन्न भण्डारणको लागि प्रदेश नं ५ मा लैजानु पर्ने कारण खर्च र यातायात समस्या भोग्दै आएका छन् ।

सुर्खेतमा अब शितभण्डार वने पछि समस्या नहुने साना किलान सहकारी संस्थाकी अध्यक्ष ज्ञानु भुषालले बताइन् । त्यस्तै शितभण्डार निर्माणको अनुगमनमा गएका कृषि विकास निर्देशनालय, सुर्खेत वागबानिका अधिकृत भक्ति राम शर्माले सुर्खेतका गरिब जनताको जीवनस्तर उठाउन सहकारीले महत्त्वपूर्ण भुमिका खेल्ने बताउदै नेपाल सरकारले सहकारीलाई विकासको तीन खम्बेमध्ये एक महत्वपूर्ण खम्बाकोरुपमा लिएको बताए ।

अधिकृत शर्माले अब सहकारीले उत्पादनमा जोड दिएर रोजगारि सिर्जना गरि कोभिड-१९ का कारण विदेशबाट नेपाल आएका जनशक्तिलाई नेपालमै रोजगारी दिनुपर्ने भन्दै शितभण्डार निर्माण पछि कृर्षकले उचित मूल्य पाउने मध्यान्हलाई बताए ।

विज्ञापन रकम भुक्तानीबारे
अत्यन्त जरूरी सूचना

यस मध्यान्ह मिडिया प्रा.लि.मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही मिति २०७७ असार २५ गते भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस मध्यान्ह मिडिया प्रा.लि. को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह मिडिया प्रा.लि.
बागबजार, काठमाडौं
फोन नं. : ४२२६३६६, ४२२८२९८

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ